प.सं. :- ०८२/८३
च.नं. :- १८८

मिति :- वि.सं. २०८२/०७/२०

ने.स. :- ११४६ कछलागा, १ विहिवार

विषयः २०८२ मंसिर महिनामा प्रकाशन गर्न लोककल्याणकारी विज्ञापन पठाइएको सम्बन्धमा ।

श्री सम्पादक/प्रकाशकज्यू
प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को बर्गीकरणमा परेका पत्रपत्रिका (सबै)

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि प्रेस काउन्सिल नेपालको आ.व. २०७८/७९ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८२ साल मंसिर महिनामा प्रकाशन गर्नका लागि लोककल्याणकारी विज्ञापन संलग्न गरी पठाइएको छ । बोर्डबाट उपलब्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहाय बमोजिम गर्नु गराउनु हुन साथै सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन वापतको रकम भुक्तानी नहुने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**देहायः**

१. पत्रसाथ उपलब्ध गराइएका विज्ञापनहरु २०८२ साल मंसिर महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशित गर्नु हुन ।
२. लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहोर्‍याई फरक फरक विज्ञापन प्रकाशन गर्नु हुन ।
३. २०८२ मंसिर महिनाको लोककल्याणारी विज्ञापन प्रकाशन गरिएका पत्रिका, सोको विल २०८२ पुष ७ गतेभित्र अनिवार्य रुपमा बोर्ड/हुलाक निर्देशनालय/जिल्ला हुलाक कार्यालयमा भुक्तानीको लागि पेश गर्नु हुन ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dilli Ram Subedi
dkt.adm2029@gmail.com

(डिल्ली राम सुवेदी)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय, सबै ।
श्री जिल्ला हुलाक कार्यालय, ५८ वटा सबै ।

# चिसो मौसममा सुरक्षित रहौं।

**चिसो मौसममाः**

- ❖तातो तथा न्यानो कपडा लगाऔं,
- ❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- ❖घर तथा कोठा न्यानो बनाऔं,
- ❖बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- ❖न्यानो सिरक ओढेर सुत्ने गरौं,
- ❖जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- ❖चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- ❖कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

**सावधानी अपनाऔं, स्वस्थ रहौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।

अपाङ्गता भएका व्यक्तिलाईः

❖शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
❖सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
❖अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
❖अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
❖उनीहरुलाई दया होइन अधिकार दिऔं,
❖नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं,

समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिला हिंसा अन्त्य गरौं ।

- ❖महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- ❖महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- ❖कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- ❖हिंसामा परे तत्काल कानुनी सहायता लिऔं,
- ❖कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- ❖घर–परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- ❖महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- ❖हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- ❖ महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सडक दुर्घटनाबाट बचौं र बचाऔं ।

❖सवारी साधन चलाउँदा सावधानी अपनाऔं,

❖ट्राफिक नियम पालना गरौं,

❖तीव्र गतिमा सवारी साधन नचलाऔं,

❖मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,

❖सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,

❖पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,

❖सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,

❖सवारी साधन नियमित मर्मतसम्भार गरौं,

❖दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वातावरण स्वच्छ राखौं ।

❖धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
❖फोहर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
❖जथाभावी फोहोर नफालौं,
❖कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
❖घर, टोल तथा सडक सफा राखौं,
❖घर वरपर बोटविरुवा लगाऔं,
❖सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
❖वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं।

सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रक्तदान जीवनदान ।

❖ रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
❖ रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
❖ रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:

❖ रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
❖ अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
❖ ३–४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
❖ रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
❖ रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
❖ मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
❖ १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
❖ रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।

**रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं।

❖आफ्नो काम कानूनी प्रक्रिया र नियमअनुसार गरौं,

❖उपहार दिने र लिने नगरौं,

❖सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,

❖सेवा दिन कुनै ढिलासुस्ती नगरौं,

❖घुस लिने र दिने दुवै अपराधी हुन्,

❖सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई कारवाही गरौं,

❖भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,

❖अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल–फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,**
**सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# बिजुलीको सुरक्षित प्रयोग गरौं ।

❖भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
❖बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
❖पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
❖ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
❖आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
❖जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
❖रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालअधिकारको रक्षा गरौं ।

- ❖माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- ❖बालअधिकारको रक्षा गरौं,
- ❖बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- ❖शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- ❖घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- ❖बालअधिकारप्रति संवेदनशील बनौं,
- ❖बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं ।

❖असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,

❖यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,

❖विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,

❖लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,

❖समय–समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,

❖एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,

❖एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,

❖यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मानवअधिकारको सम्मान गरौं ।

- ❖मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- ❖मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- ❖हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- ❖मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- ❖मानवअधिकार उल्लंघन नगरौं,
- ❖मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्वदेशी वस्तु प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।

स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कृषि उत्पादनमा आत्मनिर्भर बनौं।

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिंचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलव्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड